नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद व्यबस्थापन शाखा)

प.सं ०७६\७७
च.नं ४८१

मितिः २०७७।०२।२०

श्री गाउँपालिका/नगरपालिका (सबै)

विषयः कार्ययोजना कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको च.नं ६३४८, मिति २०७७/०२/१८ को पत्रअनुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को बैठकबाट स्वीकृत भएको कोभिड–१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्वन्धी आदेश, २०७७ को कार्यान्वयनको लागि तयार पारिएको **"नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्वन्धी कार्ययोजना, २०७७"** यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि तहाँ पठाईएको व्यहोरा यस मन्त्रालयको निर्णयानुसार अनुरोध छ ।

विष्णुहरी वराल
शाखा अधिकृत

**वोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः Website मा राख्ने प्रयोजनको लागि ।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या: ०७६/०७७
च.नं. :- शि.स्वा.४१२/ ६३४८

मिति:- २०७७/०२/१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

**विषय : कार्ययोजना कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को बैठकबाट स्वीकृत भएको "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७" को कार्यान्वयनको लागि तयार पारिएको **"नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्ययोजना, २०७७"** लाई तत्काल कार्यान्वयनमा ल्याउन ७५३ वटै स्थानीय तहहरूमा पठाई आवश्यक समन्वय एवम् कार्य अनुगमन हुन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(बद्रिप्रसाद तिवारी)
उपसचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- ११९०
०७७/२/१९

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७

| क्रसं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | लाग्ने समय | कै |
|---|---|---|---|---|---|
| १. | नेपाल भारत सीमाका प्रवेश विन्दु व्यवस्थापन गर्ने । | - गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>- स्थानीय तह | • रक्षा मन्त्रालय (नेपाली सेना)<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• सम्वन्धित प्रदेश सरकार<br>• PCCMC/ DCCMC | तत्काल | |
| २. | भारत वाहेक तेस्रो मुलुकबाट आउने नेपाली नागरिकको पहिचान, प्राथमिकिकरण, विवरण संकलन तथा सरोकारका निकायहरुमा उपलव्ध गराउने। | - परराष्ट्र मन्त्रालय (विदेश स्थित नेपाली नियोग) | • संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>• गृह मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तहहरु | दश दिन भित्र | |
| ३. | नेपाल भारत सीमाका प्रवेश विन्दुमा नेपाली नागरिक आएपछि होल्डिङ सेन्टरमा निजको ठेगाना सहितको व्यक्तिगत विवरण तयार गर्ने। | - गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>- स्थानीय तह | • रक्षा मन्त्रालय (नेपाली सेना)<br>• प्रदेश सरकार<br>• PCCMC/ DCCMC | नागरिकहरु सीमामा प्रवेश गरेको दिन | |
| ४. | होल्डिङ सेन्टरको छनौट गरी निर्धारण गर्ने र प्रदेशगत रुपमा व्यवस्थापन गर्ने । | - गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>- रक्षा मन्त्रालय (नेपाली सेना) | • प्रदेश सरकार<br>• स्थानीय तह<br>• PCCMC/ DCCMC | तत्काल | |
| ५. | होटल क्वारेन्टिनको छनौट गरी निर्धारण गर्ने । साथै, क्वारेन्टिन प्रयोजनका लागि तोकिएको होटलको विवरण WEB SITE मा राखे व्यवस्था मिलाउने। | - प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला प्रशासन कार्यालय | • संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह<br>• PCCMC/ DCCMC | तत्काल | |
| ६. | हवाई उडानवाट आउने व्यक्तिको निजले साथमा लिइ अएको हवाइ उडान अघि सात दिन भित्रको स्वास्थ्य परीक्षण प्रमाणको चेकजाँच गर्ने । | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (त्रि.अ.वि.मा खटाइएको टोली) | • गृह मन्त्रालय (अध्यागमन)<br>• संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (CAAN) | नागरिकहरु त्रि.अ.वि.मा अवतरण पछि तत्काल | |
| ७. | भारत वाहेक तेस्रो मुलूकवाट आउन उडान अनुमति दिने। | - संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | • परराष्ट्र मन्त्रालय<br>• गृह मन्त्रालय (अध्यागमन) | तत्काल | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७

| कसं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | लाग्ने समय | कै |
|---|---|---|---|---|---|
| ८. | प्रवेश नाका र विमानस्थलमा आउनेलाई होल्डिङ सेन्टरमा पुऱ्याई होल्डिङ सेन्टरबाट होटल क्वारेन्टिन वा स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टिनमा पुऱ्याउन आवश्यक यातायातका साधनको व्यवस्था गर्ने । | - रक्षा मन्त्रालय (नेपाली सेना),<br>- यातायात व्यवस्था विभागको संयोजनमा ट्राफिक प्रहरी महाशाखा | • गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | तत्काल | |
| ९. | भारतबाट आउनेलाई होल्डिङ सेन्टर र तेस्रो देशबाट आउनेलाई विमानस्थलमा स्वास्थ्य स्वघोषणा फाराम (Self Health Declaration Form) भर्न लगाउने र ज्वरो मापन लगायतका स्वास्थ्य जाँच गर्ने। | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • रक्षा मन्त्रालय (नेपाली सेना)<br>• प्रदेश सरकार<br>• स्थानीय तह | तत्काल | |
| १०. | मोवाईलको सीमकार्ड निःशुल्क उपलब्ध गराउने। | • संचार तथा सूचना प्रविधि मन्त्रालय(NTC, NCELL)<br>• स्थानीय तह | • गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु | तत्काल | |
| ११. | "हाम्रो स्वास्थ्य" एप्स डाउनलोड गरी स्वास्थ्य अवस्था नियमित रुपमा अध्यावधिक गर्ने । | - नेपाल प्रवेश गर्ने व्यक्ति स्वयं | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | तत्काल | |
| १२. | सीमानाकामा रहेका होल्डिङ सेन्टरको व्यवस्थापन गर्ने। | - रक्षा मन्त्रालय (नेपाली सेना)<br>- स्थानीय तह | • सम्बन्धित प्रदेश सरकारले तोकेको मन्त्रीको सुपरीबेक्षणमा PCCMC/ DCCMC | तत्काल | |
| १३. | काठमाण्डौमा रहेको होल्डिङ सेन्टरको व्यवस्थापन गर्ने । | - रक्षा मन्त्रालय (नेपाली सेना) | • प्रदेश समन्वय गर्न तोकिएका माननीय मन्त्री<br>• गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>• CCMC | तत्काल | |
| १४. | क्वारेन्टिनको सुरक्षा, रेखदेख, निगरानी र अभिलेख व्यवस्थापन गर्ने । | - रक्षा मन्त्रालय (नेपाली सेना)<br>- गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी/शसस्त्र प्रहरी<br>- स्थानीय तह | • शहरी बिकास मन्त्रालय<br>• प्रदेश सरकार<br>• PCCMC/ DCCMC | तत्काल | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७

| क्रसं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | लाग्ने समय | कै |
|---|---|---|---|---|---|
| १५. | खरिपाटी ईचंगु आवास क्षेत्र, मनमोहन अस्पताल दहचोक, के.एम.सी. दुवाकोटमा तोकिएको वेड संख्या सहितको क्वारेन्टिन तयार गर्ने । | - शहरी बिकास मन्त्रालय | • अर्थ मन्त्रालय<br>• गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी/शसस्त्र प्रहरी<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• स्थानीय तह | दश दिन | |
| १६. | क्वारेन्टिनमा लजिष्टिक सपोर्ट (वेड, विछ्यौना, भाँडावर्तन, पानी, विजुली, भान्छाघर, शौचालय आदि)को व्यवस्था गर्ने । | - स्थानीय तह | • शहरी विकास मन्त्रालय<br>• प्रदेश सरकार | तत्काल | |
| १७. | रोजगारीको सिलसिलामा विदेशमा मृत्यु भएकाहरुको शव नेपाल ल्याई व्यवस्थापन गर्ने । | - श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>- परराष्ट्र मन्त्रालय (विदेश स्थित नेपाली नियोग) | • संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• गृह मन्त्रालय (अध्यागमन)<br>• वैदेशीक रोजगार प्रवर्द्धन वोर्ड<br>• स्थानीय तह | सम्बन्धित मुलुकमा नेपाली नागरिकका लागि चार्टर उडान भएका वखत व्यवस्थापन गर्ने | |
| १८. | स्थानीय तहलाई क्वारेन्टिनको वन्दोवस्ती र क्वारेन्टिनमा रहँदाको खाना खर्च वापत प्रतिदिन प्रतिव्यक्ती रु.१७५ का दरले १४ दिनको लागि हुने खर्च वापतको रकम उपलव्ध गराउने । | - अर्थ मन्त्रालय | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>• PCCMC/ DCCMC | विल विवरण प्राप्त भएपछि सात दिन | |
| १९. | काठमाण्डौ उपत्यका भित्रको होल्डिङ सेन्टरको भाडा जिल्ला प्रशासन कार्यालय मार्फत भुक्तानी गर्ने । | - अर्थ मन्त्रालय | • गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>• CCMC | विल विवरण प्राप्त भएको सात दिन | |
| २०. | भारत वाहेक तेस्रो देशवाट आउने नागरिकले हवाई उडान, यातायात र होटल क्वारेन्टिन खर्च व्यहोर्ने । | - यात्रु स्वयं | • संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु<br>• रक्षा मन्त्रालय (नेपाली सेना) | तत्काल प्रारम्भ गरी निरन्तर | |
| २१. | भारतवाट आउने नागरिकले यातायात र होटल क्वारेन्टिन खर्च व्यहोर्ने । | - यात्रु स्वयं | • गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयहरु | तत्काल प्रारम्भ गरी निरन्तर | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्य योजना, २०७७

| क्रसं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | लाग्ने समय | कै |
|---|---|---|---|---|---|
| | | | • प्रदेश सरकार<br>• स्थानीय तह<br>• PCCMC/DCCMC | | |
| २२. | क्वारेन्टिन सम्बन्धी समग्र कार्यका लागि प्रदेशका माननीय मन्त्री तोक्ने । | - प्रदेश सरकार | • स्थानीय तह<br>• PCCMC/DCCMC | तत्काल | |
| २३. | भारत तथा अन्य मुलुकवाट नेपाल प्रवेश गरेकाहरुलाई जिल्ला सदरमुकाम हुँदै सम्बन्धित स्थानीय तहको क्वारेन्टिनसम्म पुऱ्याउने । | - प्रदेश सरकार<br>- स्थानीय तह<br>- PCCMC /DCCMC | • प्रदेश सरकारले तोकेको सम्बन्धित मन्त्री<br>• रक्षा मन्त्रालय (नेपाली सेना)<br>• स्थानीय प्रशासन<br>• यातायात व्यवस्था कार्यालय | नागरिकहरु जिल्ला सदरमुकाममा आइपुगेको दिन | |
| २४. | क्वारेन्टिनमा बसेकाहरुको स्वास्थ्य परीक्षण गर्ने । | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकाय | • प्रदेश सरकार<br>• रक्षा मन्त्रालय(नेपाली सेना)<br>• स्थानीय तह<br>• PCCMC/DCCMC | क्वारेन्टिन अवधि समाप्त भएपछि तत्काल | |
| २५. | व्यक्ती होम क्वारेन्टिनमा रहेको अनुगमन, निरीक्षण गर्ने । | - स्थानीय तह<br>- स्थानीय प्रशासन (सुरक्षा निकाय) | • प्रदेश सरकार<br>• PCCMC/DCCMC | होम क्वारेन्टिनको अवधिभर | |
| २६. | समग्र कार्यको सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशन गर्ने । | - कोभिड-१९ संकट व्यवस्थापन केन्द्र | • रक्षा मन्त्रालय (नेपाली सेना)<br>• गृह मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | | |

मिति २०७७ जेठ १६ गते ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं